# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १] काठमाडौं फाल्गुन २७ गते ०८ साल [संख्या ३१

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुँदै आउँदछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोर्ट इत्यादि ।

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

(ङ) कायममुकायम तैनाथी इत्यादि ।

(च) कानूनमन्त्रालय, न्यायालयको विज्ञप्ति इत्यादि ।

(छ) जेल, पुलीस आदिको विज्ञप्ति इत्यादि ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

(झ) जन्म मरणको संख्या ।

(ञ) हल्लाको खण्डन ।

(ट) अफिसरहरूको बिदा ।

(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छा मण्डल आदिको कार्यक्रम ।

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्सनकमिशनको सूचना ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

(ख) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) खाद्य कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

(ख) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।

(ख) नगरपञ्चायत ।

(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग ९  साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
भाग १२ संसद्--सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।
भाग १३ विकाश तथा योजनासम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

## भाग १

## गृहमन्त्रालयको विज्ञप्ति

अबउप्रान्त गद्दी र प्लेनको बाटो जाने आउने स्थायी राहदानी दिने सरकारले निधो गरेकोले ०६ साल वैशाख १ गतेदेखि स्थायी राहदानी लिन अड्डामा मोहरु ५ तिरी राहदानी लिने मन्सुवा हुनेहरुले लिने गर्नू ।

## गृहमन्त्रालयको विज्ञप्ति

ललितपुर सिनेमाहल कायदामाफिकको नभएकोले सो हलको चैत्र मसान्त-सम्मको आमदानी खर्चको हिसाब दुरुस्त गरी सो हलको कामबाट ककसलाई के कति तिर्नुपर्ने हिसाब गरी तिरी सो सिनेमाहल ०६ साल वैशाख १ गतेदेखि बन्द हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।